# अर्जुनधारा नगरपालिका
## शनिश्चरे, झापा,
## १ नं प्रदेश नेपाल
## २०७३

**आन्तरिक आयको बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

प्रथम पटक प्रकाशित मिति :२०७९/०३/१२

आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि २०७५, अनुसार यस अर्जुनधारा नगरपालिकाको आगामी आ.ब. २०७९/०८० का लागि आन्तरिक आय संकलन गर्न निम्न शीर्षकहरुमा ठेक्का लगाउनु पर्ने भएकोले ठेक्का लिन चाहनुहुने योग्य फर्म/संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र. सं | ठे.न | ठेक्काको शीर्षक | आ.व २०७९/०८० का लागि प्रास न्युनतम अंक भ्याट बाहेक | बोलपत्र/ शिलबन्दी दरभाउपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | १/०७८/०७९ | आईतवारे बजार पशु चौपाय बिक्री कर र साप्ताहिक हाट बजार कर ( भिटौरी सहित) खुदुनावारी | ३८०५३०९।- (अडतिस लाख पाँच हजार तीन सय नौ रुपैंया मात्र) | ३०००।०० | २०७९।०३।२६ दिनको ५।०० बजेसम्म | २०७९।०३।२७गते दिनको१२।०० बजे सम्म | २०७९।०३।२७ गते २।०० बजे पछि |
| २. | २/०७८/०७९ | बजार ठेक्का ( खसी बाखा,शनिश्चरे हाट बजार,कोला बजार,गोसहाट शनिश्चरे) | ८१७६९९।- (आठ लाख सत्र हजार छ सय उनान्सय रुपैंया मात्र) | १०००।०० | | | |
| ३. | ३/०७८/०७९ | विज्ञापन कर | ४४२४७७।- (चार लाख बयालिस हजार चार सय सतहत्तर रुपैया मात्र) | १०००।०० | | | |

कुमारी राई
प्रशासकीय अधिकृत

## शर्तहरु

१) खरिद भएका बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम पेश गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, ठेक्का शीर्षक, बोलपत्र/शिलबन्दी दरभाउपत्र दाताको फर्मको नाम, फर्मको आधिकारीक व्यक्तिको नाम,थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरी सिलबन्दी लाहा छाप गरी पेश गर्नुपर्नेछ ।

२) कार्यालयबाट वोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा फर्म इजाजत पत्र, **VAT** दर्ता प्रमाण पत्र र आ.व २०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तोकिएको रकम नगदै ( पछि फिर्ता नहुने गरी ) बुझाई माथि उल्लेखित मिति भित्र, अर्जुनधारा नगरकार्यपालिका कार्यालय तथा अर्जुनधारा नगरपालिकाका वडा नं ३,८ र कार्यालय बाट खरिद तथा नगरकार्यपालिकाको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३) बोलपत्र फाराम अलग अलग ठेक्काको लागि छुट्टाछुट्टै रुपमा खरिद गर्नुपर्नेछ र एउटा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फाराम खरिद गर्न दिइने छ । जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।

४) वोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कवोल अंकको स्वदेशी नागरिक भए ५ प्रतिशत तथा विदेशी नागरिक भए १० प्रतिशत जमानत रकम यस कार्यालयको एन आइ सी एसिया बैंक लि.शनिश्चरे स्थित धरौटी **खाता नं.००९२०५०५११२५८०१८** मा नगद जम्मा गरेको सक्कलै वैंक भौचर धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शीर्षकको धरौटी हो,सो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

५) वोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । साथै उल्लेखित ठेक्काको दर रेट कार्यालयबाट उपलब्ध गराइने बोलपत्र/दरभाउपत्र साथ सलग्न रहने छ ।

६) ठेक्का कबोल रकम एकमुष्ठ बुझाएमा कबोल अंकको १० (दश) प्रतिशत छुट दिइने छ तर ठेक्का रकम किस्ताबन्दी गरी बुझाउन चाहेमा यस कार्यालयको नाममा मान्यता प्राप्त वैंकबाट जारी गरिएको **२०८०** आषाढ मसान्तसम्म अवधी भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानपूर्जि दिइने छ ।

७) यससंग सम्बन्धित अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

८) ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ । विस्तृत जानकारीका लागि नगरपालिका वा फोन न. ०२३५९७००२ सम्पर्क गर्नुहोला ।

६/१२

गीता कुमारी राई
प्रमुख प्रशासकीय अधिकृत

गीता कुमारी राई
प्रमुख प्रशासकीय अधिकृत